नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

# मनसुनको ४५ दिन

(२०७७ जेठ ३० - २०७७ साउन ११)

नेपालमा मनसुन शुरू भएको आधा आधिमा बाढी, पहिरो, चट्याङ र सर्पदंशबाट १६१ जनाको मृत्यु, ४९ जना बेपत्ता, १८० जना घाईते भएका छन् । यी विभिन्न घटनाबाट ७०८ परिवार प्रत्यक्ष प्रभावित भएका छन् ।

त्यसमध्ये १ सय ३० जनाको मृत्यु पहिरोमा परेर भयो । पहिरोको कारण ११४ जना घाइते र ४३ जना वेपत्ता छन् । बाढीमा परेर अहिलेसम्म ३ जनाको मृत्यु, १ जना घाइते र ६ जना वेपत्ता छन् । चट्याङबाट १७ जनाको मृत्यु र ४२ जना घाइते भए । सर्पदशबाट ११ जनाको मृत्यु र २३ जना घाइते छन् ।

यी चार प्रकारको विपद्बाट ४५ दिनमा ३७ जिल्लाले मानवीय क्षति व्यहोरेको छ ।


### मनसुनजन्य विपद् र क्षति

| विपत् | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रभावित परिवार |
|---|---|---|---|---|---|
| बाढी | ४६ | ३ | ६ | १ | २०६ |
| पहिरो | २७७ | १३० | ४३ | ११४ | ३८९ |
| चट्याङ्ग | ४२ | १७ | ० | ४२ | ८१ |
| सर्पदंश | ३२ | ११ | ० | २३ | ३२ |
| जम्मा | ३९७ | १६१ | ४९ | १८० | ७०८ |


*पानीजन्य रोगलाइ यो तालिकामा समावेश गरिएको छैन ।*

गएको हिउँद (मंसिर-फागुन), मनसुन पुर्व (फागुन-जेठ) र मनशुन शुरु (जेठ ३० गतेदेखि) भएको पहिलो ४५ दिनमा सरदर भन्दा बढी नै बर्षा भयो । यसले गर्दा जमिन गलिसकेको थियो । यस अघिका बर्षहरुमा सामान्यत: साउन महिनामा पहिरो जाने गर्थ्यो, तर यस वर्ष असार महिनामै धेरै पहिरोका घटना घटे । जसका कारण यस वर्ष पहिरोबाट धेरै मानिसको मृत्यु भयो ।


गत हिउँददेखि यस वर्ष मनसुनको ४५ दिनको बर्षाको अवस्था :




चित्र नं. १: २० वटा मौसम केन्द्रहरु (नक्सा १ को गोलाकार संकेत) मा मापन गरिएको हुउदे वर्षा (मंसिर १५ - फाल्गुण १७, २०७६) को दैनिक सञ्चित सरदर वर्षाको औसत (नीलो रंगको खण्डित रेखा) र सन् २०१९ डिसेम्बर १ (मंसिर १५ २०७६) देखि सन २०२० फेबरावरी २९ (फाल्गुण १७, २०७६) सम्मको संचित वर्षा (गुलाबी रेखा) ।




चित्र नं. २: २० वटा मौसम केन्द्रहरु (नक्सा १ को गोलाकार संकेत) मा मापन गरिएको प्रि-मनसुन (फागुन १८, २०७६ - जेठ १८, २०७७) को दैनिक सञ्चित सरदर वर्षाको औसत (नीलो रंगको खण्डित रेखा) र सन् २०२० मार्च १ (फागुन १८, २०७६) देखि मे ३१ (जेठ १८, २०७७) सम्मको संचित वर्षा (गुलाबी रेखा) ।




चित्र नं. ३: २० वटा मौसम केन्द्रहरु (नक्सा १ को गोलाकार संकेत) मा मापन गरिएको मनसुन (वि.सं. २०७७ जेष्ठ १९— वि.सं. २०७७ असोज १४) को दैनिक सञ्चित सरदर वर्षाको औसत (नीलो रंगको खण्डित रेखा) र सन् २०२० जुन १ (वि.सं. २०७७ जेष्ठ १९) देखि आज सम्मको संचित वर्षा (गुलाबी रेखा) ।

वर्षाको यो तथ्यांक तलको नक्सामा देखाइएको यी २० वटा वर्षा मापन केन्द्रमा मापन गरिएका औसत वर्षा हुन् ।



## ४५ दिनमा मानवीय क्षति भएका बाढी तथा पहिरोका घटना

| क्र.सं | स्थान | विवरण | मृत्यु | वेपत्ता | प्रतिकार्य |
|---|---|---|---|---|---|
| १ | पर्वत<br>कुश्मा नगरपालिका-३ दुर्लुङ | पहिरो | ९ | - | - जोखिममा परेका घर परिवारलाई आश्रय<br>- प्रदेश र जि.प्र.का.बाट ५ लाख ५० हजार वितरण<br>- पहिरोको जोखिम पहिचान र रोकथामका उपाय पहिल्याउन प्राविधिक अध्ययन |
| २ | पाल्पा<br>तानसेन नगरपालिका- ११ सम्मोबारी<br>रैनादेबी छहरा गा.पा.- ३ पट्टाचौर | पहिरो | ४ | - | उद्दार तथा राहत |
| ४ | गुल्मी<br>मुसीकोट नगरपालिका-२,<br>कालीगण्डकी गा.पा.- ४ फुर्से<br>ईस्मा गा.पा.- १ मल्ली<br>मुसिकोट न.पा.- २ रातचौर | पहिरो | ५ | १ | घाइतेलाई हेलिकप्टरबाट उद्दार,<br>विस्थापित परिवारलाई सुरक्षित आश्रय,<br>राहत तथा उद्दार |
| ५ | सिन्धुपाल्चोक,<br>बाह्रवीसे नगरपालिका-५ र<br>भोटेकोशी गा.पा.- ५ बुलकुटे झ्याले<br>भोटेकोशी गा.पा.- ३ लार्चा खुम्पाते<br>बाह्रबिसे न.पा.- ५ जम्बु<br>भोटेकोशी गा.पा.- ४ फुलपिङ गाँउ | बाढी,<br>पहिरो | ८ | २१ | घाइतेलाई हेलिकप्टर मार्फत उद्धार,<br>सुरक्षित आश्रय, उद्दार तथा राहत |
| ६ | म्याग्दी<br>धौलागिरी गाउँपालिका-६ र<br>मालिका गाउँपालिका-६<br>रघुगगा गा.पा.- ६ ठाडाखानी<br>मालिका गाउँपालिका - ७ बिमा<br>म्याग्दी अन्नपुर्ण गा.पा. - २ भुरुङ तातोपानी | बाढी,<br>पहिरो | २९ | ४ | खोज तथा उद्दार जारी, घाइते तथा प्रभावितलाई हेलिकप्टरद्वारा उद्दार तथा राहत |
| ७ | लमजुङ,<br>बेसिशहर न.पा.- ७ सातबिसे | पहिरो | ४ | – | घाइतेको उद्दार गरी अस्पताल |
| ९ | बागलुङ | पहिरो | २ | १ | उद्दार तथा राहतका लागि सुरक्षाकर्मी परिचालन |
| १० | झापा,<br>कमल गा.पा.- ५ रतुवाखोला | बाढी | २ | ० | तीन जना घाईतेलाई उद्दार गरी उपचारको लागि अस्पताल पठाईएको । अन्यलाइ उद्धार गरि राहतका लागि सुरक्षाकर्मी परिचालन गरिएको । |
| ११ | स्याङ्जा<br>गल्याङ गाउँपालिका १०, ९<br>कालीगण्डकी गा.पा.४ खहरे<br>गल्याङ न.पा.- १० गाँउस्वारा | पहिरो | ५ | १ | उद्दार तथा राहतका लागि सुरक्षाकर्मी परिचालन गरिएको । |
| १२ | धादिङ<br>त्रिपुरा सुन्दरी गा.प ६ गोलाङ<br>गजुरी गा.पा.- २ मझुवा डाँडा<br>थाक्रे गा.पा.- ६ कार्कीगाउँ | पहिरो | ५ | ० | उद्दार तथा राहतका लागि सुरक्षाकर्मी परिचालन |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | जाजरकोट<br>बारेकोट गा.पा. १,४,५<br>बारेकोट गा.पा.- ६ कार्की जिउला | पहिरो | ११ | ४ | केन्द्र र प्रदेश सरकाराबाट प्राप्त राहत सामग्री हेलिबाट पुर्याई बितरण भएको । |
| १५ | तनँहु<br>रिसिङ गा.पा. ८ पल्टयाङ<br>म्यागदे गा.पा.- ६ बेलौते डाँडा<br>रिसङ गा.पा.- ८ पल्टयाङ भैसिलिकि<br>ब्यास न.पा.- ९ माझफाँट<br>व्यास न.पा.- ११ ओडारे<br>भानु न.पा.- ९ महेन्द्र धौराली | पहिरो | १३ | १ | उद्दार तथा राहतका लागि सुरक्षाकर्मी परिचालन |
| १६ | बाजुरा<br>बुढीनन्दा न.पा. ३ | पहिरो | १ | ० | उद्दार तथा राहतका लागि सुरक्षाकर्मी परिचालन |
| १८ | गोरखा<br>धार्चे गा.पा.- १ तातोपानी | पहिरो | २ | १ | उद्दारका लागि सुरक्षाकर्मी परिचालन |
| १९ | सुर्खेत<br>पन्चपुरी न.पा.- ६ खमारी खोला | पहिरो | १ | ० | उद्दार तथा राहतका |
| २० | बझाङ<br>केदारस्यूँ गा.पा.-८ मल्लेसी | पहिरो | ७ | १ | उद्दार तथा राहतका लागि सुरक्षाकर्मी परिचालन भएको । |
| २१ | डोटी<br>पुर्विचौकी गा.पा.-४ नुवाकोट | पहिरो | १ | ० | उद्दार तथा राहतका |
| २२ | कास्की<br>पोखरा म.न.पा.- १८ सराङकोट<br>पोखरा म.न.पा.- २५ हेम्जा<br>माछापुछ्रे गा.पा.- ८ खोरामुख पाखा | पहिरो | १० | ० | उद्दार तथा राहतका |
| २३ | सुनसरी<br>धरान न.पा.- १३ सर्दु खोला | बाढी | ० | १ | खोजी कार्यका लागि सुरक्षाकर्मी परिचालन |
| २४ | मोरङ्ग<br>केराबारी गा.पा.- २ सिंहदेवी चिसाङखोला<br>रतुवामाई न.पा.- ३ चौकिघाट | पहिरो<br>बाढी | १ | ० | उद्दार तथा राहत |
| २५ | संखुवासभा<br>सिलिचोङ गा.पा.- १ बेसिन्दा | पहिरो | ० | ११ | खोजी, उद्दार तथा राहतका लागि सुरक्षाकर्मी परिचालन |
| २६ | सिरहा<br>लहान न.पा.- १७ हरिपुर | बाढी | ० | १ | |
| २७ | कालिकोट<br>पचालझरना गा.पा.- ३ खारदु गैंडाखाडा | पहिरो | २ | १ | उद्दार तथा राहत |
| २८ | काठमाडौ<br>कागेश्वरी मनहरा न.पा. -१ गागलफेदी<br>टोखा न.पा- १ पासिडाँडा | पहिरो | ३ | ० | उद्दार कार्य सम्पन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | दार्चुला<br>नौगाड गा.पा.- ६ परीगाँउ, मालिकार्जुन गा.पा.- ८ औडाखान, महाकाली न.पा.- ३ बडाली गाउँ | बाढी पहिरो | ५ | ० | खोजी, उद्दार तथा राहतका लागि सुरक्षाकर्मी परिचालन |
| | रुकुम पश्चिम | पहिरो | २ | ० | |
| | सल्यान | | १ | ० | |
| जम्मा | | | १३३ | ४९ | |

## मनसुनको ४५ दिन : बाढी, पहिरो, चटयाङ्ग र सर्पदंशबाट गतबर्ष र यसवर्षको क्षतिको तुलनात्मक विवरण :

| मिति | घटना सख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार |
|---|---|---|---|---|---|
| २०७७ जेठ ३० — साउन ११ | ३९७ | १६१ | ४९ | १८० | ७०८ |
| २०७६ असार ५ — साउन १८ | ५३० | १५३ | ३६ | ११९ | ५८६३ |

## मनसुनको ४५ दिनमा बाढी, पहिरो, चटयाङ्ग र सर्पदशबाट मृत्यु हुनेमध्ये महिला, पुरुष र उमेर समुह अनुसारको विवरण :

| विपत | महिला | पुरुष | उमेर समुह | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ० देखि १८ | १९ देखि ४० | ४१ देखि ५९ | ६० देखि माथि | अन्य |
| बाढी | ० | ३ | | २ | १ | | ० |
| पहिरो | ६० | ७० | ४५ | २४ | १७ | १२ | ३२ |
| चटयाङ | ९ | ८ | ३ | ६ | ६ | २ | |
| सर्पदंश | ६ | ५ | ९ | १ | | १ | |
| जम्मा | ७५ | ८६ | ५७ | ३३ | २४ | १५ | ३२ |

यी ४५ दिनमा बाढी, पहिरो, चटयाङ्ग र सर्पदंशका घटनाबाट मत्यु भएकामा महिला भन्दा पुरुष बढी छन् । त्यसमा पनि १८ वर्षभन्दा मुनिको संख्या ३५ प्रतिशत छ ।




असार २८ गते संखुवासभाको सिलिचोडमा गएको पहिरो । फोटो कान्तिपुर दैनिक





असार २९ गते तनहुँको व्यास नगरपालिका माझफाँटमा गएको पहिरोमा उद्धारकर्मी । फोटो कालिका न्यूज

## २०६८ देखि ०७७ सम्म मनशुनका कारण हुने विपद्बाट भएको मानवीय क्षतिको स्थिति :


२०६७ देखि ०७७ सम्म बाढीबाट हुने मानवीय क्षति २०७० सालमा सबैभन्दा बढी भएको थियो । त्यो बर्ष बाढीबाट ७१ जनाले ज्यान गुमाएका थिए । अघिल्ला बर्षहरुको तुलनामा यस बर्ष विपद्बाट हुने मानवीय क्षतिमा सबैभन्दा धेरै पहिरोबाट भएको देखिन्छ ।







## गत वर्ष र यस वर्षको वर्षाको विवरण :





वर्षाको विवरण
(जुन १२ - जुलाई २६, २०२०)
N
जल तथा मौसम विज्ञान विभाग
नेपाल
जम्मा वर्षा (मि.मि)
२००० - २५००
१५०० - २०००
१००० - १५००
५०० - १०००
३०० - ५००
२०० - ३००
१००- २००
५० - १००
० - ५०
४००० मि भन्दा माथि (तथ्याङ्क नभएको)
सरदर वर्षा संगको तुलना (%)
सरदर भन्दा धेरै
सरदर
सरदर भन्दा कम
० २५ ५० १०० १५० २००
कि.मि.
नोटः सरदर भन्दा कम (<९०%), सरदर (९०% - ११०%), सरदर भन्दा धैरै (>११०%)
80°0'0"E
81°0'0"E
82°0'0"E
83°0'0"E
84°0'0"E
85°0'0"E
86°0'0"E
87°0'0"E
88°0'0"E
30°0'0"N
29°0'0"N
28°0'0"N
27°0'0"N
26°0'0"N

## सम्बन्धित दस्तावेजहरु

मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना २०७७ भाग १ र भाग २ प्रकाशित गरिएको छ ।
विस्तृत यो लिंकमा हेर्न सक्नुहुन्छ :

भाग-१: http://drrportal.gov.np/uploads/document/1628.pdf

भाग-२: http://drrportal.gov.np/uploads/document/1630.pdf

प्राधिकरणको विपद् सम्बन्धि दैनिक बुलेटिन यो लिंकमा हेर्न सक्नुहुन्छ :

https://twitter.com/NDRRMA_Nepal

https://www.facebook.com/NDRRMA/

मिति २०७७ साउन १२ गते

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं, नेपाल

इमेलः ndrrma@gmail.com
वेबः www.ndrrma.gov.np
फोन नम्बरः ०१४२००२६०
फ्याक्स नम्बरः ०१४२००१०३
: @NDRRMA
@NDRRMA_Nepal